# खाँडाचक्र नगरपालिकाको
# अनुदान राहत व्यवस्थापन
# ऐन, २०७८

स्वीकृत मिति : २०७८/०३/१०

**प्रस्तावना** : खाँडाचक्र नगरपालिकामा सञ्चालित आधारभूत र माध्यामिक तहका विद्यालयको व्यवस्थापन र सञ्चालन सुदृढ गरी शैक्षिक गुणस्तर बृद्धि गर्न, शिक्षाको पहुँच सहज र सर्वसुलभ बनाउन, नगरपालिकाको शिक्षा, स्वास्थ्य, कृषि र पशु सेवाको क्षेत्रलाई बढी जनमुखी, प्रभावकारी र ब्यवसायिक बनाउन, स्वावलम्वनका कार्यक्रम संचालन गरी सुलभ ऋण एवं अनुदान प्रदान गर्न, साथै गम्भिर प्रकृतिका रोग लागेका विरामीलाई आर्थिक सहयोग गर्न साथै प्राकृतिक र गैर प्राकृतिक विपद् परेका बखत भौतिक र मानवीय क्षती भएमा आर्थिक सहयोग प्रदान गर्न खाँडाचक्र नगरपालिकाले दिने अनुदानसम्बन्धी व्यवस्थालाई व्यवस्थित, पारदर्शी र प्रभावकारी बनाउन वान्छनीय भएकोले नेपालको संविधानको धारा २२१ को उपधारा २ वमोजिमका अधिकार क्षेत्रमा नेपालको संविधानको धारा २२६ र स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा १०२(१) बमोजिम खाँडाचक्र नगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : यस ऐनको नाम अनुदान राहात व्यवस्थापन ऐन, २०७८ रहेको छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा—

(क) ‘प्रमुख’ भन्नाले खाँडाचक्र नगरपालिकाको नगर प्रमुख सम्भनु पर्दछ ।

(ख) ‘अक्षयकोष’ भन्नाले दफा १० को उपदफा २ वमोजिमको अक्षयकोष सम्भनु पर्दछ ।

(ग) ‘गैर प्राकृतिक विपद्’ भन्नाले महामारी, अनिकाल, डडेलो, किटाणु वा सुक्ष्म जीवाणुको आतङ्क, पशु वा चराचुरुङगीमा

हुने फ्लू, सर्पदंश, जनावर आतङ्क, खानी, हवाई, सडक, जल वा औद्योगिक दुर्घटना, विद्युतीय करेन्ट, आगलागी, ग्यास विष्फोट, विषक्त खाद्य सेवन, वातावरणीय प्रदुषण, वन विनाश वा भौतिक संरचनाको क्षति वा प्रकोप उद्धार कार्यमा हुने दुर्घटना वा यस्तै अन्य गैर प्राकृतिक कारणले उत्पन्न विपद सम्झनु पर्दछ ।

(घ) 'उप–प्रमुख' भन्नाले नगरपालिकाको उप–प्रमुख सम्झनु पर्दछ ।

(ङ) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

(च) 'प्राकृतिक विपद्' भन्नाले हिमताल, असिना, हिमपहिरो, हिमताल विस्फोट, अतिवृष्टि, अनावृष्टि, बाढी, पहिरो तथा भू–स्खलन, डुबान, खडेरी, आँधी, हुरी बतास, शीतलहर, तातो हावाको लहर, आगजनी, चट्याङ, भूकम्प, ज्वालमुखी विस्फोट, डढेलो वा यस्तै अन्य प्राकृतिक कारणले उत्पन्न जुनसुकै विपद् सम्झनु पर्दछ ।

(छ) 'विपद्' भन्नाले कुनै स्थानमा आपतकालिन अवस्था सिर्जना भई जन वा धनको क्षतिको साथै जीवन यापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैर प्राकृतिक विपद् सम्झनु पर्दछ ।

(ज) 'अनुदान' भन्नाले ग्रामिड स्वाबलम्वन वा सञ्चालन ब्यवस्थापनको लागि नागरिक वा सामुदायिक संस्था वा कानून वमोजिम सञ्चालित संस्थालाई नगरपालिकाले ब्यवस्थापन गर्ने सस्तो ऋण वा पूर्ण अनुदानको नगरपालिकाले दिने आर्थिक अनुदान सम्झनु पर्दछ ।

(झ) 'आर्थिक सहयोग' भन्नाले गम्भिर प्रकृतिका रोग लागेका बिरामी, प्राकृतिक विपद्मा परेका व्यक्तिलाई आर्थिक सहयोग सम्झनु पर्दछ ।

(ञ) 'अक्षयकोष' भन्नाले कुनै संस्थाको हितका लागि नगरपालिकाले स्थापना गरेको कोष सम्झनु पर्दछ । सो कोषको सिङ्गो रकम नमासिने र व्याजबाट संस्थाको हितमा खर्च गरिने छ ।

(ट) 'गम्भिर प्रकृतिका रोग' भन्नाले इस्पानल ईन्जुरी, मुटु, मृगौला,

क्यान्सर, पार्किन्सन, अल्जाइमर्स र सिफल एनिमियाजस्ता रोग सम्झनु पर्दछ ।

(ठ) 'राहात' भन्नाले विपद् प्रभावित व्यक्तिलाई उपलब्ध गराईने नगद तथा वस्तुगत सहायता सम्झनु पर्दछ ।

(ड) 'प्रभावित व्यक्ति' भन्नाले विपद्को घटनाबाट परिवारका सदस्य गुमाएका, शारीरिक वा मानसिक समस्या उत्पन्न भएको, घर जग्गा जमिन, पशुपंक्षी, खाद्यान्न लत्ताकपडा तथा अन्य सम्पत्तिमा आंशिक वा पूर्ण रुपमा नोक्सानी पुगेका वा विपद्का कारण अन्य कुनै तरिकाबाट प्रभावित व्यक्ति सम्झनु पर्दछ ।

(ढ) 'ऐन' भन्नले अनुदान राहात ब्यवस्थापन ऐन, २०७८ लाई सम्झनु पर्दछ ।

## परिच्छेद–२

## प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्मा दिईने राहतसम्बन्धी व्यवस्था

**३. मानवीय क्षति भएमा दिइने राहत :**

(१) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्का कारण मानवीय क्षति भएमा सो विपद्बाट प्रभावित व्यक्तिले राहात वा सहायता उपलब्ध गराई पाउँ भनी नागरिकताको फोटोकपी र प्रहरी मुचुल्का वा वडाको सिफारिससहित निर्धारित ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम दिने निवेदनमा घटनाको विवरण, कारण र मिति उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा १ वमोजिम दिने निवेदनमा कुनै व्यक्तिको मृत्यु भएको वा अशक्त घायल भएको भए सो समेत उल्लेख गरी मृत्यु भएको वा अशक्त घायल भएको व्यक्तिको नाम, थर, उमेर उल्लेख गर्नु पर्नेछ ।

(४) मृत्यु वा अशक्त घायल भएको व्यक्तिलाई तोकिए वमोजिम राहात वा आर्थिक सहायता निवेदन दिएको ३ दिनभित्र तोकिए वमोजिमको रकम उपलब्ध गराउनु पर्नेछ ।

(५) उपदफा ४ मा जुनसुकै कुरा लेखिएको भएतापनि कुटपिट

वा झगडाबाट भएको मृत्यु, पौडी खेल्दा डुवेर भएको मृत्यु, विष सेवन, आत्महत्या वा नदीमा हामफाली भएको मृत्यु वा जानाजान ज्यान जोखिममा पारी गरिएको वा भएको मृत्युलाई राहात वा सुविधा उपलब्ध गरिने छैन ।

४. **घरपालुवा जनावरको मृत्यु वा भौतिक क्षति भएमा दिईने राहत :**

(१) प्राकृतिक विपद् वा गैर प्राकृतिक विपद्का कारण घरपालुवा जनावारको मृत्यु वा भौतिक क्षति भएमो सो विपद्बाट प्रभावित व्यक्तिले दफा ३ को उपदफा १ र २ बमोजिम निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिम दिने निवेदनमा मृतक घर पालुवा जनावरको सङ्ख्या र क्षतिको विगो समेत उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

(३) भौतिक क्षति भएमा दफा ३ को उपदफा १ र २ वमोजिम दिइएको निवेदनमा भएको भौतिक क्षतिको विवरण र विगो समेत उल्लेख गरी निवेदन दिनु पर्नेछ ।

(४) उपदफा २ र ३ वमोजिम निवेदन दिएको मितिले ३ दिनभित्र तोकिए वमोजिमको राहात वा आर्थिक सहायता प्रभावित व्यक्तिलाई उपलब्ध गराउनु पर्नेछ ।

५. **गम्भिर प्रकृतिको रोग लागेमा दिइने राहत वा आर्थिक सहायता :**

(१) गम्भिर प्रकृतिको रोग लागेमा उक्त रोग लागेको व्यक्तिले रोगको नाम, नागरिकताको फोटोकपी उपचार गरेको अस्पतालको डाक्टरको प्रेष्किप्सन र सिफारिस र वडाको सिफारिससहित निवेदन दिनु पर्नेछ ।

(२) उपदफा १ वमोजिमको कागजातको अध्ययन गर्दा निवेदकको गम्भिर प्रकृतिको रोग लागेको प्रमाणित भएमा तोकिए वमोजिमको आर्थिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

परिच्छेद–३

## शैक्षिक संस्था र सिकाई केन्द्रलाई दिइने अनुदान

६. **सामुदायिक विद्यालय, क्याम्पस, सामुदायिक सिकाइ केन्द्रलाई दिइने अनुदानः**

(१) विद्यार्थी सङ्ख्या तोकिए वमोजिमका भएका र शिक्षक दरवन्दी पूरा नभएका विद्यालयलाई भौतिक पूर्वाधारको आधारमा शिक्षाको गुणस्तर वृद्धि गर्न सामुदायिक विद्यालय वा सामुदायिक कलेजलाई नगरपालिकाले आवाश्यक कार्यविधी वनाई शैक्षिक अनुदान उपलब्ध गराउन सक्नेछ ।

(२) शिक्षाको गुणस्तर वृद्धि गर्ने प्रयोजनार्थ नगरपालिकाको सामुदायिक विद्यालय वा क्याम्पसको नाममा शैक्षिक अक्षय कोष स्थापना गर्न सकिनेछ ।

(३) उपदफा २ वमोजिम स्थापना हुने शैक्षिक अक्षय कोषको सञ्चालन, व्यवस्थापन र सो सम्बन्धी शर्तहरू तोकिए बमोजिम हुनेछ ।

(४) नगरपालिकाभित्रका सामुदायिक सिकाइ केन्द्रलाई कार्यक्रम तथा आवश्यकताको आधारमा अनुदान दिन सकिनेछ ।

७. **अनुदानसम्बन्धी अन्य व्यवस्था :**

(१) कृषि, घरेलु उद्योग वा व्यवसायिक फर्म, संघ संस्था र स्वास्थ्य संस्थाहरूलाई तोकिए वमोजिमको अनुदान दिन सकिनेछ ।

(२) स्वाबलम्वनसँग सम्बन्धित कार्यक्रम सञ्चालनार्थ सौलियत ऋणको ब्यवस्थापन वा पूर्ण अनुदान प्रदान गर्ने गरी नगरपालिकाको, प्रदेश वा संघ वा अन्य कुनै हिसावले प्राप्त भएको बजेटको आधारमा नगरकार्यपालिकाले आवाश्यक कार्यविधी वनाई कार्यन्वयन गर्न सक्नेछ ।

८. **पुरस्कार दिन सकिने :** नगरपालिकामा सञ्चालित शिक्षण संघ, संस्था, कृषिसम्बन्धी फर्म, पशुपालनसम्बन्धी फर्म वा कृषक समूह, स्थानीय कच्चा पदार्थबाट सञ्चालित घरेलु उद्योग वा कुनै व्यवसायिक संघ संस्थालाई उत्कृष्ट कार्य गरे वापत पुरस्कार दिन सकिने छ ।

९. **दण्ड सजाय** : यस ऐन वमोजिम दिइएको अनुदान कसैले दुरुपयोग गरेमा वा भ्रष्टाचारजन्य कसुर गरेमा वा यस ऐनको उल्लङ्घन गरेमा प्रचलित संघीय ऐन वमोजिम सजाय हुनेछ ।

१०. **नियम बनाउने अधिकार** : खाँडाचक्र नगर कार्यपालिकाले यो ऐन कार्यान्वयनका लागि आवश्यक नियम तथा कार्यविधि बनाउन सक्नेछ।

११. **खारेजी तथा बचाउ** : खाँडाचक्र नगरपालिकाको आर्थिक सहायता कार्यविधि, **२०७६** खारेज गरिएकोछ। उक्त कार्यविधि र नगरपालिकाले हाल सम्म यस ऐन संवन्धि भए गरेका सम्पूर्ण कार्य यसै ऐन बमोजिम भएको मानिनेछ ।

**आज्ञाले**
जसी प्रसाद चौलागाई
नि. प्रमुख प्रशासकीय अधिकृत